नेरा.बैंक/इ.प्रा/घ ४७/०७३/०७४ दर्ता नं.: १४७९५१/७२/०७३

# आशा लघुवित्त वित्तीय संस्था लि.
# Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल श्री अपनैतिकरण तथा निवेश प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

महाशाखा

मिति: २०८१ /१० /१४

च.नं. : २६५/२०८१/८२

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.

मिति : २०८१/१०/०९

श्री नेपाल स्टक एक्चेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

सिडिएस एण्ड क्लियरिङ लि.
दर्ता नं.: ३३२२
मिति: २०८१/१०/१०

**विषय : लक इन अवधि समाप्त हुन लागेको सार्वजनिक सूचना प्रकाशित गर्न लागिएको बारे ।**

महोदय,

उपर्युक्त विषयको सम्बन्धमा नेपाल धितोपत्र बोर्डको पत्र संख्या ८०/८१, चलानी नं १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट संगठित संस्थाबाट LOCK IN अवधि समाप्ती सम्बन्धी सार्वजनिक सूचना प्रकाशन बारे निर्देशन भए बमोजिम यस कम्पनीमा गाभिएको राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक तथा कर्मचारीहरुको शेयरमा LOCK IN अवधि यही मिति २०८१ फागुन ११ गते सम्म रहेको तथा सो पश्चात समाप्ती हुन लागेकोले सो सम्बन्धी सूचना मिति २०८१ माघ १० गते प्रकाशन गर्न लागिएको व्यहोरा जानकारी गराइन्छ । साथै उक्त सूचनाको प्रतिलिपि यसै पत्रका साथ संलग्न गरिएको छ ।

भवदीय,

..................
बद्री प्रसाद पौडेल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ**
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं ।

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.

केन्द्रीय कार्यालय : बनेपा-१२, सांगा, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६००७३
इमेल : info@ashamicrofinance.com.np
वेबसाइट : www.ashamicrofinance.com.np

को

# लक इन (Lock In) अवधि समाप्त हुने बारेको अत्यन्त जरुरी सूचना

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेड (साविकको राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड) को साधारण शेयर मिति २०७८/११/०४ गते देखि मिति २०७८/११/०८ गते सम्म सर्वसाधारणमा (कर्मचारी समेत) निष्कासन तथा बिक्री खुल्ला गरी मिति २०७८/११/१२ गते बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ ।

यसै सन्दर्भमा नेपाल धितोपत्र बोर्डको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ३८ (१) नियम बमोजिम यस कम्पनीको साधारण शेयर सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरी बाँडफाँट गरिएको मिति (अर्थात मिति २०७८/११/१२) ले तीन बर्ष समाप्त नभएसम्म संस्थापक शेयरधनीहरुले धारण (Hold) गरेको शेयर तथा कर्मचारीहरुलाई बाँडफाँट गरिएको शेयर लक इनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम सो बमोजिमको शेयर लक इनमा राखिएको र नेपाल धितोपत्र बोर्डको पत्र संख्या ८०/८१, चलानी नं. १५२३ मिति २०८०/०८/२५ को पत्रबाट निर्देशन भए बमोजिम संस्थापक तथा शेयर कर्मचारीहरुको उक्त शेयरको लक इनको समायावधि मिति २०८१/११/११ सम्म रहेको तथा सो पश्चात लकईन समाप्त हुने हुँदा नियामक निकायहरु, संस्थापक तथा कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साबिकको राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयरधनी तथा कर्मचारीहरुको लक इनमा रहेको शेयर सम्बन्धी विवरण :**

| शेयरको विवरण | प्रारम्भिक लकईन शेयर कित्ता | बोनस शेयर लक ईन कित्ता | कुल लक ईन शेयर कित्ता |
|---|---|---|---|
| संस्थापक शेयर संख्या | १७,५०,००० | २,४९,३७५ | १९,९९,३७५ |
| कर्मचारीहरुको शेयर संख्या | १३,००० | १,८५२.५० | १४,८५२.५० |
| जम्मा | १७,६३,००० | २,५१,२२७.५० | २०,१४,२२७.५० |

**नोट: कम्पनीको संस्थापक शेयरधनीहरुको हकमा प्रचलित कानून बमोजिम खरिद बिक्री हुनेछ तथा संस्थापक शेयर सदस्य मध्ये सञ्चालक सदस्यमा रहेका व्यक्ति तथा कम्पनीको उच्च तहमा रहेका कर्मचारीहरुले भने खरिद बिक्री गर्न पाइने छैन ।**

शेयर रजिष्ट्रार

PRABHU CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं.०१-४१६५१००, ५९७०२००
(A Subsidiary of Prabhu Bank Ltd.)
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.